# जगन्नाथ गाउँपालिका
JAGANNATH RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
### जुड्डी, बाजुरा
JUDDIBAJURA

9858029330 - गा.पा. अध्यक्ष (Chairman)
9864317961 - नि.प्र. प्र.अ (CAO)
ito.jagganathmun@gmail.com
https://jagganathmun.gov.np

सुदूरपश्चिमप्रदेश, नेपाल
Sudurpaschim Province, Nepal


प.सं./*Letter No* :२०८०/०८१
च.नं./*Ref. No* :

मिति २०८०।११।१७

**जगन्नाथ गाउँपालिकाको चमेना गृह (क्यान्टिन) संचालन सम्बन्धी सिलवन्दी दरभाउपत्र प्रस्ताव आव्हानको सूचना ।**

**(प्रथम पटक सूचना प्रकाशित भएको मिति २०८०।११।१७)**

जगन्नाथ गाउँपालिका भित्र चमेना गृह(क्यान्टिन) संचालन गर्न ईच्छुक नेपाली नागरिक तथा व्यवसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा रु ३,००० (अक्षेरुपी तिन हजार मात्र) दस्तुर तिरी क्यान्टिन संचालन सम्बन्धी प्रस्ताव फारम खरिद गरी संलग्न खाजा/खानाको परिकार र इकाई अनुसारको बस्तुको तोकिएको दररेट भन्दा नबढ्ने गरि के कति दररेटमा उपलब्ध गराउन सकिन्छ दररेट सहितको सिलबन्दी, दरभाउको प्रस्ताव १६ औ दिनको १२ बजे भित्र कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । चमेना गृह (क्यान्टिन) संचालन गर्ने सम्बन्धी थप शर्तहरु तथा जानकारीका लागि कार्यालयको website: pandavgufamun.gov.np हेर्न वा प्रशासन शाखामा सम्पर्क गर्नुहुन समेत जानकारी गराइन्छ ।

**शर्तहरु:**

१) खामबन्दी दररेटसाथ फर्म दर्ता प्रमाणपत्र, संचालकको नागरिकता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र, कर चुक्ता दर्ता प्रमाण पत्रको प्रतिलिपि र चमेना गृह संचालन सम्बन्धि कार्य अनुभव भए सोको प्रमाणपत्र तथा कुक वा वेटर सम्बन्धी तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ । सिलवन्दी खामको बाहिर प्रस्तावदाताले नाम,थर,ठेगाना र सम्पर्क नम्बर स्पष्ट उल्लेख गर्नु पर्नेछ । सिलवन्दी प्रस्ताव १६ औ दिनको २ बजे खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिती नभए पनि प्रस्ताव फारम खोल्न बाधा पर्ने छैन ।

२) चमेनागृह भवन प्रयोग गरे वापत गाउँपालिकाले तोके बमोजिम मासिक रुपमा भाडा बुझाउनु पर्नेछ ।

३) कार्यालय र क्यान्टिन संचालक वीच सम्झौता गर्नु अघि संचालकले कार्यालयले तोकिदिए बमोजिम रु ५०,००० । (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) धरौटी राख्नु पर्नेछ ।

४) सरफाईजन्य पानी कार्यालयले नि: शुल्क उपलब्ध गराउने र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था संचालक स्वयमले गर्नु पर्नेछ ।

५) चमेनागृहका लागि छुटै विद्युत मिटर जडान हुने र उक्त मिटरमा उठेको वीलको भुक्तानीको दायित्व चमेनागृह संचालकको हुनेछ ।

६) चमेनागृहका लागि आवश्यक पर्ने कुर्सी,टेवल तथा भाडावर्तनको व्यवस्था संचालक स्वयंमले गर्नु पर्नेछ ।

नि.प्रमुख प्रशासकिय अधिकृत

जगन्नाथ गाउँपालिका
JAGANNATH RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
जुड्डी, बाजुरा
9858029330 - गा.पा. अध्यक्ष (Chairman)
9864317961 - नि.प्र.प्र.अ.(CAO)
ito.jagganathmun@gmail.com
https://jagganathmun.gov.np
सुदूरपश्चिमप्रदेश, नेपाल
Sudurpaschim Province, Nepal

प.सं./*Letter No.*:२०८०/०८१
च.नं./*Ref. No.*:

७) क्यान्टिन संचालकले खाद्य स्वच्छताको आधारमा जगन्नाथ गाउँपालिका क्यान्टिन संचालन सम्बन्धी कार्यविधी, २०८० मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्नुपर्नेछ । क्यान्टिन संचालकले सरसफाई प्रतिको प्रतिवद्धता र गुणस्तरीयता कायम राख्न क्यान्टिन संचालकको दायित्व हुनेछ । कानूनी अधिकार प्राप्त निकाय र कार्यालयबाट समय समयमा क्यान्टिनको निरिक्षण गरिनेछ । निरिक्षण गर्दा चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई सेवा प्रवाह सन्तोषजनक नभएको पाइएमा कार्यालयले निर्णय गरी जुनसुकै बखत हटाउन सक्नेछ ।

८) चमेना गृह सञ्चालनको अवधि १ बर्ष परीक्षणकाल हुनेछ र निजको सेवा सन्तोषजनक पाइएमा पुनः १ बर्ष म्याद थप गरी जम्मा गरी २ बर्षको हुनेछ । म्याद थपको लागि चमेनागृह सञ्चालकले कम्तीमा ७(सात) दिन अगावै कार्यालयमा निवेदन दिनुपर्नेछ ।

९) आवश्यक कागजात पेश नभएको वा प्रकृया तथा रित नपुगको भए सो फर्मलाई समावेश गर्न कार्यालय बाध्य हुने छैन । कुनै व्यक्ति फर्म/संस्थालाई स्वीकार वा अस्विकार गर्ने सम्पूर्ण अधिकार कार्यालयलाई नै रहने छ ।

१०) चमेनागृहबाट उपलब्ध गराउनु पर्ने खाना/ खाजाको परिकार इकाई र मूल्यसूची फारममा उल्लेख भए बमोजिम हुने र सो बाहेक आवश्यकता अनुसार कार्यालयको स्वीकृत लिई संचालकले खाना /खाजाको परिकार थप गर्न सक्नेछ ।

११) सुर्तिजन्य तथा मदिरा जन्य एवं कानुनले निषेध गरेका कुनै पनि सामग्री विक्री वितरण गर्न पाउने छैन ।

१२) यो सुचना र बोलपत्र सम्बन्धी कागजात स्पष्ट नभएका विषयहरु जगन्नाथ गाउँपालिका क्यान्टिन संचालन सम्बन्धी कार्यविधि, २०८०, तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

२०८०/११/१८

राजेन्द्र प्रशाद जोशी
नि.प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

"'व्यवसायिक र सिर्जनशिलप्रशासन: विकास, समृद्धि र सुशासन'"